# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, मंसीर २१ गते २०३३ साल


श्री ५ को सरकार

### जल तथा विद्युत् मन्त्रालयको

### सूचना

विद्युत् प्रसारण विकास समिति (गठन) आदेश, २०३३

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "विद्युत् प्रसारण विकास समिति (गठन) आदेश, २०३३" रहेको छ ।

(२) यो आदेश तुरून्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा–

"परियोजना" भन्नाले गण्डक योजना अन्तरगत निर्माण भैरहेको जल विद्युत् केन्द्रबाट विद्युत् प्रसारण लाइन हेटौंडासम्म र अर्को विद्युत् प्रसारण लाइन पोखरासम्म निर्माण गर्नको लागि श्री ५ को सरकारबाट स्वीकृत विद्युत् प्रसारण विकास परियोजना सम्झनुपर्छ ।

३९९



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. समितिको गठनः (१) परियोजना सञ्चालन गर्न विद्युत् प्रसारण बिकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ।

(२) उप-दफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन्–

(क) सचिव, जल तथा विद्युत् मन्त्रालय– – – अध्यक्ष

(ख) चीफ इन्जिनीयर, विद्युत् विभाग– – – सदस्य

(ग) प्रतिनिधि, राष्ट्रिय योजना आयोग– – – सदस्य

(घ) प्रतिनिधि, अर्थ मन्त्रालय– – – – सदस्य

(ङ) महाप्रबन्धक, नेपाल विद्युत् कर्पोरेशन– – – सदस्य

(च) परियोजना प्रमुख– – – – सदस्य–सचिव

(३) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिमा सदस्यहरू थपघट वा हेरफेर गर्न सक्नेछ।

(४) समितिको आमन्त्रणमा स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकार समितिको बैठकमा पर्यवेक्षकको रूपमा उपस्थित हुन सक्नेछ।

४. समितिको काम, कर्तव्य र अधिकारः परियोजना संचालन गर्नु समितिको कर्तव्य हुनेछ र त्यसको सञ्चालनको लागि समितिले निम्नलिखित कामहरू गर्न सक्नेछः–

(क) परियोजनाको सर्भेक्षण, रूपाङ्कन (डिजाइन) र लगत तयार गर्ने,

(ख) परियोजनाको निर्माण कार्य सञ्चालन गर्ने,

(ग) परियोजनाको सञ्चालन तथा कार्यान्वयनको सम्बन्धमा नीति निर्धारण गर्ने र ती कार्यहरूको निरीक्षण गर्ने,

(घ) परियोजनाको लागि आवश्यक कर्मचारी र सल्लाहकारहरू नियुक्त गर्ने,

(ङ) परियोजनाको कार्यान्वयनको निमित्त अन्य आवश्यक कार्यहरू गर्ने।

५. समितिको कोषः (१) समितिको कोषमा देहायका रकमहरू रहनेछन् र समितिको सबै खर्च सो कोषबाट व्यहोरिनेछः–

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) श्री ५ को सरकार मार्फत कुनै विदेशी एजेन्सीबाट प्राप्त रकम,

(ग) अरू कुनै स्रोतबाट प्राप्त गरेको रकम।

(२) समितिको आय–व्ययको लेखा समितिले बनाएको नियमबमोजिम राखिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. लेखापरीक्षण: (१) समितिको लेखापरीक्षण प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

(२) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत पनि समितिको हिसाब किताब जाँच्न वा जँचाउन सक्नेछ ।

७. अधिकार प्रत्यायोजन गर्न सक्ने: समितिले आवश्यकतानुसार आफ्नो सबै वा केही अधिकार समितिको कुनै सदस्य, सदस्य–सचिव, सदस्यहरूको उप–समिति वा परियोजनाको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

८. समितिको बैठक र निर्णय: (१) समितिको बैठक अध्यक्षले तोकेबमोजिम बस्नेछ ।

(२) अध्यक्ष र सदस्य–सचिवको अतिरिक्त अरू कुनै दुईजना सदस्य उपस्थित भएमा समितिको गणपुरक संख्या पूरा भएको मानिनेछ ।

(३) समितिमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मतसमेत दिन सक्नेछ ।

(४) समितिको बैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

(५) समितिको निर्णय समितिको सदस्य–सचिवद्वारा प्रमाणित गरिनेछ ।

९. नियमहरू बनाउने: समितिले आफ्नो कार्य सञ्चालनको लागि श्री ५ को सरकारको स्वीकृति लिई आवश्यक नियमहरू बनाउन सक्नेछ ।

१०. श्री ५ को सरकारसंग सम्पर्क: समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा जल तथा विद्युत् मन्त्रालय मार्फत सम्पर्क राख्नु पर्नेछ ।

११. समितिको कार्यालय: समितिको प्रधान कार्यालय काठमाडौंमा र परियोजना कार्यालय सम्बन्धित परियोजना क्षेत्रमा रहनेछ ।

आज्ञाले–
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको का. मु. सचिव

४०१

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

402

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।